सत्य निरूपण तथा मेलमिलाप आयोगको नियमित प्रकाशन

टी.आर.सी बुलेटिन

# TRCBulletin

बर्ष ३ | अंक २ | २०७५ चैत्र




## सत्य निरुपण तथा मेलमिलाप आयोग , नेपाल

बबरमहल, काठमाडौं

फोन नं: ०१-४२२३६०१, फ्याक्सः- ४२२०२९७

इ-मेलः trcbabarmahal@gmail.com info@trc.gov.np

वेव साइटः www.trc.gov.np

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
बबरमहल, काठमाडौं

**सम्पादन समूह**

नि.सचिव डा.गोपीचन्द्र भट्टराई – संयोजक

उपन्यायाधिवक्ता श्री जुद्धबहादुर आले – सदस्य

उपन्यायाधिवक्ता श्री संगिता न्यौपाने ढुङ्गेल – सदस्य

शा.अ.श्री चिरञ्जीवी लुईंटेल-सदस्य

शा.अ.श्री वर्तराज पौडेल-सदस्य

क.अ.श्री लक्ष्मीकुमारी लोहनी-सदस्य

**कम्प्युटर डिजाइन तथा ले-आउट**

लक्ष्मीकुमारी लोहनी

**मुद्रण**

क्रियटिभ आईडियाज
www.creativeideas.com.np

**प्रकाशक:**

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
बवरमहल, काठमाडौं
फोन नं: ०१-४२२३६०१, फ्याक्स:- ४२२०२९७
इ-मेल: trcbabarmahal@gmail.com
info@trc.gov.np
वेव साइट: www.trc.gov.np

# प्रकाशकीय

विस्तृत शान्ति सम्झौतामा उल्लेख भए बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग मिति २०७१ माघ २७ गते गठन भएको हो। सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाहरूको छानविन गरी वास्तविक सत्य तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित बीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीका लागि सिफारिस गर्ने कार्य समेतका लागि गठित स्वतन्त्र एवम् निष्पक्ष तथा उच्चस्तरीय आयोग हो ।

संक्रमणकालीन न्याय सिद्धान्तको मर्म अनुसार गठित यस आयोगले हालसम्म द्वन्द्वकालका घटनासँग सम्बन्धित उजुरीहरू संकलन, संकलित उजुरीहरूको व्यवस्थापन, उजुरी छानविनमा आवश्यक कानून, कार्यविधी निर्माण र सातै प्रदेशमा स्थापना भएका मुकामहरू मार्फत् प्रारम्भिक छानविनको कार्य गरिरहेको छ । तर हाल केन्द्रिय पदाधिकारीहरूको पदावधि सकिएको र मुकामका विज्ञ सदस्यहरूको म्याद थप नभएकोले मुकामको कार्य स्थगित छ ।

नेपालको परिवेशमा नितान्त नौलो अभ्यासको रूपमा आएको संक्रमणकालीन न्याय व्यवस्थापनको लागि आयोगले स्थापनाकालदेखि नै नियमावली निर्माणमा ढिलाई र अस्पष्टता, साधनको अभाव, विज्ञ कर्मचारीको अभाव तथा द्वन्द्वकालीन घटनाहरूको विविधताले अपेक्षित उपलब्धी हासिल गर्न नसक्नु तथा राज्य र राजनीतिक दलहरूबाट समेत पूर्ण सहयोग एवं प्रतिबद्धताको अभाव देखिनुले पनि यसको कार्य सुस्त भएको हो कि भन्ने अवस्था देखिन्छ । यद्यपि उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन मार्फत् आयोगले हालसम्म गरेको उपलब्धीलाई यस बुलेटिनले उजागर गरेको छ ।

आयोगले समय समयमा नेपाल सरकारसँग माग गरेका विषयहरूको सम्बोधन, राजनीतिक तदारूकता, परिपूरण नीति मार्फत् पीडितले पाउने क्षतिपूर्तिको व्यवस्था र स्पष्ट कानूनी आधार तयार भएमा आयोगले संक्रमणकालीन न्याय व्यवस्थापनको उद्देश्य प्राप्त गर्ने देखिन्छ । प्रकाशनमा भएका कमीकमजोरी प्रति क्षमायाचना गर्दै रचनात्मक सुझावको सधैं अपेक्षा गरेका छौं ।

यस बुलेटिनमा प्रकाशित लेखहरूका निजी विचार हुन् । ति विचारले आयोगको आधिकारिक धारणा अभिव्यक्त गर्दैनन् ।

मा. भानु भक्त ढकाल
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

नेपाल सरकार

निजी सचिवालय
सिंहदरबार, काठमाडौं

पत्र संख्याः
चलानी नं.

मितिः २०७५।१२।२७

## शुभकामना मन्तव्य



सत्य निरूपण तथा मेलमिलाप आयोगबाट त्रैमासिक रुपमा प्रकाशन गर्दै आएको TRC Bulletin को आगामि अङ्क यही चैत महिनामा प्रकाशन गर्न लागिएको जानकारी पाउँदा मलाई खुशी लागेको छ ।

सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने काम समेतका लागि गठन भएको आयोगको ४ वर्षको कार्यावधि समेत समाप्त भईसकेको छ ।यस अवधिमा आयोगले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कतिपय कार्यहरु सम्पन्न गरि सकेकोछ ।

विगत १२ वर्ष देखि बाँकी रहेको नेपालको सङ्क्रमणकालीन न्यायको विषयलाई आफ्नै मौलिकतामा यथाशक्य छिटो सार्थक निश्कर्षमा पुऱ्याउनु पर्ने कार्यभार रहेको सन्दर्भमा आयोगले आफूमा रहेको स्रोत तथा साधनको अधिकतम उपयोग गरी शान्ति प्रकृयाका बाँकी कामहरू निर्धारित समयभित्र नै सम्पन्न गर्नेमा म पूर्णरुपमा विश्वस्त रहेको छु ।

अन्त्यमा, यस बुलेटिनको प्रकाशनबाट आयोगको काम कारवाहीको बारेमा चासो राख्ने सम्बन्धित सरोकारवाला समेत लाभान्वित हुने अपेक्षा समेत लिएको छु । धन्यवाद ।

०७५।१२।२७

भानुभक्त ढकाल
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

फोन नं.: ४-२११९७४ (कार्यालय), फ्याक्स नं.: ४२११६८४, पोष्ट बक्स नं.: ४६८१, काठमाडौं
इमेल: dhbhanu04@gmail.com, www.moljpa.gov.np

# सत्य निरुपण तथा मेलमिलाप आयोग - एक झलक

## आयोगको गठन

सशस्त्र द्वन्दको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पिडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीका लागि सिफारिस गर्ने काम समेतका लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ र २०६३ मंसिर ५ गते नेपाल सरकार र नेपाल कम्यूनिष्ट पार्टी माओवादी बिच भएको विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.२.५ का आधारमा बेपत्ता पारिएका ब्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन भएको हो। मुख्यतः २०५२।११।०१ देखि २०६३।०८।०५ भित्र घटेका घटनाको छानविन सत्य अन्वेषण गरी परिपूरण सिफारिस, मेलमिलाप, अग्रगामी सुधारको सिफारिस समेत गरी शान्ति स्थापनामा प्रभावकारी भूमिका निर्वाह गर्नु आयोगको जिम्मेवारी भित्र पर्दछ।

## आयोगको काम, कर्तब्य र अधिकार

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम आयोगको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छः

क) मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
ख) पीडित तथा पीडकको यकीन गर्ने,
ग) पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,
घ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,
ङ) मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने,
च) पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने।

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा छानविन गर्ने, सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजूरीहरू छानविन गर्ने, कुनै घटना शसस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय गर्ने, बेपत्ता पार्ने कार्यबाहेक मानव अधिकारको गम्भीर उल्लङन सम्बन्धी अन्य घटनाका सम्बन्धमा छानविन गर्ने समेतका विषयहरू सत्य निरूपण तथा मेलमिलाप आयोगको अधिकारक्षेत्र भित्र पर्दछ।

मानव अधिकारको गम्भीर उल्लङन भित्र सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र ब्यक्ति वा जनसमुदाय बिरूद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको देहाय बमोजिमको कार्य पर्दछः

१) हत्या,
२) अपहरण तथा शरीर बन्धक,
३) बेपत्ता पार्ने कार्य,
४) अङ्गभङ्ग वा अपाङ्ग बनाउने,
५) शारीरिक वा मानसिक यातना,
६) बलात्कार तथा यौनजन्य हिंसा,
७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी,
८) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, वा
९) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरूद्धको अन्य अपराध।

## आयोगको जनशक्ति

(क) आयोगको केन्द्रिय कार्यालयको दरबन्दी संरचना

यस आयोगको केन्द्रिय कार्यालयमा कुल १०० दरवन्दी रहेकोमा हाल जम्मा ५५ वटा दरवन्दी मात्र पूर्ति भएको छ भने विभिन्न श्रेणी तथा तहका ४५ वटा दरवन्दी रिक्त रहेको अवस्था छ। दरवन्दी संरचनाको विस्तृत विवरण देहायबमोजिम रहेको छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग, केन्द्रिय कार्यालयको दरबन्दी तेरिज (२०७५ साल माघ सम्म)

| सिनं | पद, नाम | श्रेणी | सेवा | समूह/उपसमूह | जम्मा | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. विशिष्ट | | | १ | १ | ० | |
| २ | सह सचिव | रा.प. प्रथम | नेपाल न्याय | कानून | २ | ० | २ | |
| ३ | सह सचिव | रा.प. प्रथम | नेपाल न्याय | सरकारी वकिल | २ | १ | १ | |
| ४ | सह सचिव | रा.प. प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | |
| ५ | उप सचिव | रा.प. द्वितीय | न्याय | कानून | ४ | ० | ४ | |
| ६ | उप सचिव | रा.प. द्वितीय | न्याय | सरकारी वकिल | ३ | ३ | ० | |
| ७ | उप सचिव | रा.प. द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | |
| ८ | चिकित्सक | नवौ र दशौ | स्वास्थ्य | चिकित्सक साइक्याट्रिक) | १ | ० | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | ११ | ८ | ३ | |
| १० | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | १ | ० | १ | |
| ११ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानुन | ५ | ० | ५ | |
| १२ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | सरकारी वकिल | ५ | १ | ४ | |
| १३ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | न्याय | १ | ० | १ | |
| १४ | सि.अ.हे.ब. | ४।५।६ तह | स्वास्थ्य | स्वास्थ्य | १ | १ | ० | |
| १५ | इन्जिनियर | रा.प. तृतीय | इन्जिनियरीङ | सिभिल | १ | ० | १ | |
| १६ | क.अधिकृत | रा.प. तृतीय | विविध | विविध | १ | ० | १ | |
| १७ | ना.सु. | रा.प. अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ६ | ३ | ३ | |
| १८ | लेखापाल | रा.प. अनं प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| १९ | ना.सु. | रा.प. अनं प्रथम | न्याय | कानून | ५ | ० | ५ | |
| २० | ना.सु. | रा.प. अनं प्रथम | न्याय | सरकारी वकिल | ६ | ० | ६ | |
| २१ | क.अपरेटर | रा.प. अनं प्रथम | विविध | | ९ | ७ | २ | ३ जना करारमा पूर्ति |
| २२ | फोटोग्राफर | रा.प. अनं प्रथम | शिक्षा | शिक्षा | १ | ० | १ | |
| २३ | सब इन्जिनियर | रा.प. अनं प्रथम | इन्जिनियरिङ | सिभिल | १ | ० | १ | |
| २४ | पुस्तकालय सहायक | रा.प. अनं प्रथम | शिक्षा | पुस्तकालय विज्ञान | १ | १ | ० | |
| २५ | खरिदार | रा.प. अनं द्वितिय | प्रशासन | सा. प्रशासन | २ | १ | १ | |
| २६ | अ.न.मी. | ४।५।६ तह | स्वास्थ्य | स्वास्थ्य | १ | १ | ० | |
| २७ | हलुका सवारी चालक | श्रेणी बिहिन | इन्जिनियरिङ | मे.इ .ज. | ११ | ११ | ० | करारमा पूर्ति |
| २८ | कार्यालय सहयोगी | श्रेणी बिहिन | प्रशासन | सा.प्रशासन | १५ | १५ | ० | करारमा पूर्ति |
| **जम्मा** | | | | | **१००** | **५५** | **४५** | |

## (ख) आयोगको मुकामहरूको दरवन्दी संरचना

आयोगको मिति २०७४।०१।२० को निर्णयअनुसार मुकामहरूको लागि आवश्यक पर्ने दरबन्दी निर्धारण गरिएको छ । मुकाम रहने प्रदेशको उच्च सरकारी वकील कार्यालयको सह-न्यायाधिबक्ता वा सह-न्यायाधिबक्ताको हैसियतमा काम गर्ने अधिकृतको संयोजकत्वमा आयोगले नियुक्त गरेका दुईजना विज्ञ सदस्य समेतको ३ (तीन) सदस्यीय अनुसन्धान अधिकारीको अलावा मुकाम कार्यालयमा रहने कर्मचारीहरूको दरवन्दी संरचना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कर्मचारीको श्रेणीरतह | दरवन्दी संख्या(जना) |
|---|---|---|
| १ | अधिकृत (रा.प. द्वितीय वा तृतीय) | २ |
| २ | नायव सुब्बा | ४ |
| ३ | लेखापाल | १ |
| ४ | कम्प्युटर अपरेटर | १ |
| ५ | कार्यालय सहयोगी | १ |
| जम्मा कर्मचारी संख्या | | ९ |

## बजेटको अवस्था

यस आयोगको लागि गत आ.ब. (२०७४।७५) मा रू. १०,६५,२८,०००।-(अक्षरूपी दश करोड पैसठ्ठी लाख अठ्ठाइस हजार मात्र) बजेट विनियोजन भएकोमा चालु आ.ब. मा भने रू. ११,०१,८७,०००।- (अक्षरूपी एघार करोड एक लाख सत्तासी हजार मात्र) विनियोजन भएको थियो जुन बजेट रकम गत आ.ब.को तुलनामा ३.४३% ले बढी रहेको छ । चालु आ.ब.मा भएको विस्तृत विनियोजन तथा खर्चको विवरण देहाय बमोजिम रहेको छ

| | | |
|---|---|---|
| १ | विनियोजन<br>क. चालु खर्च (उपशिर्षक नं. ३११०११३)<br>ख. पूँजिगत खर्च रू. (उपशिर्षक नं.३११०११४) | रू.१०,९६,७२,०००।००<br>रू.५,१५,०००।०० |
| | जम्मा | रू.११,०१,८७,०००.०० |
| २ | विनियोजन २०७५ चैत्र मसान्तसम्मको खर्च<br>क. चालु खर्च (उपशिर्षक नं.३११०११३)<br>ख. पूँजिगत खर्च रू.(उपशिर्षक नं.३११०११४) | रू.३२,४८१,५२०.५०<br>रू.८१,९२५.०० |
| | जम्मा | रू.३२,५६३,४४५.५० |

| | | |
|---|---|---|
| ३ | विनियोजन २०७५ चैत्र मसान्तसम्मको बाँकी<br><br>क. चालु खर्च (उपशिर्षक नं.३११०११३)<br><br>ख. पूँजिगत खर्च रू.(उपशिर्षक नं.३११०११४) | रू.७७,१९०,४७९.५०<br><br>रू.४३३,०७५.०० |
| | जम्मा | रू.७७,६२३,५५४.५० |

## आयोगले हालसम्म गरेका कामकारवाहीको संक्षिप्त विवरण

### (क) उजुरी आव्हान, उजुरी संकलन तथा व्यवस्थापन

सत्य निरूपण तथा मेलमिलाप आयोगले आमसञ्चारका विभिन्न माध्यमहरू प्रयोग गरी निश्चित समयसीमा तोकी शसस्त्र द्वन्द्वकालका पीडितहरूसँग लिखित उजुरी माग गरेको थियो । आयोगको स्थापना भएपश्चात् प्रथम पटक उजूरी निवेदन दिन मिति २०७३ साल बैशाख ५ गतेदेखि साठी दिनको म्याद तोकी प्रत्येक जिल्लामा रहेका स्थानीय शान्ति समिति र आयोगको केन्द्रिय कार्यालय मार्फत् उजुरी संकलन गर्न सकिने व्यवस्था गरी उजुरी आब्हान गरेकोमा सो मिति पश्चात् पुनः तीस दिन थप गरी उजुरी संकलन गरिएको थियो । साथै आयोगको मिति २०७४।०३।१७ को निर्णय अनुसार दोस्रो पटक मिति २०७४।०३।२५ गतेदेखि २०७४।०४।२४ गतेसम्म आयोगका प्रत्येक मुकामहरूबाट समेत उजुरी संकलन गर्ने गरी पीडितहरूसँग उजुरी आव्हान गरिएको थियो । यसरी विभिन्न मितिमा उजुरी आब्हान गरेसँगै हालसम्म आयोगमा कुल ६२,९५०।- उजुरी संकलन भइ दर्ता भइसकेका छन् । जसभित्र वेपत्ता पारिएका ब्यक्तिको छानविन आयोगमा दर्ता भई यस आयोगको क्षेत्राधिकार भित्र पर्ने भनी सो आयोगले यस आयोगमा पठाएका कुल ४१६ उजुरी मध्ये उक्त उजुरीका उजुरीकर्ताहरूसँग सम्पर्क स्थापित गरी निजहरूको चाहना बुझी यसै आयोगको क्षेत्राधिकार भित्र राखी छानविन गर्ने भन्ने आयोगको निर्णयअनुसार रहेका कुल २७६ उजुरीहरूसमेत संलग्न रहेका छन् भने वाँकी १४० थान उजुरीहरू वेपत्ता पारिएका ब्यक्तिको छानविन आयोगमा नै फिर्ता पठाइएको छ ।

यसरी आयोगमा संकलित उजुरीहरूलाई बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को (ञ) मा भएको व्यवस्था अनुसार मानव अधिकारको गम्भीर उल्लङनको घटनाका नौवटा शीर्षकमा वर्गीकरण गरी जिल्लागत रूपमा छुट्टाई मूल दायरीमा दर्ता गरिएको छ । यसरी दर्ता गरिएका उजुरीहरूलाई उजुरी ब्यवस्थापन प्रणाली सफ्टवेयरमा कम्प्युटर प्रविष्टि समेत गरिएको छ । आयोगमा प्राप्त उजुरीहरूलाई वारदात जिल्लाको आधारमा दर्ताको प्राथमिकता क्रमअनुसार छुट्टाई प्रारम्भिक छानविनको लागि आयोगका सातै प्रदेशस्थित मुकाम कार्यालयहरूमा आयोगको निर्णयअनुसार पठाइएको र प्रारम्भिक अनुसन्धान पश्चात् प्राप्त उजुरीहरूलाई व्यवस्थित रूपमा भण्डारण गरिएको छ ।

### (ख) पीडितहरूसँगको भेटघाट र अन्तर्क्रिया

#### १. परिपुरण मापदण्ड तथा कार्यविधी सम्बन्धमा पीडित तथा सरोकारवालाहरूसँग सुझाव संकलन कार्यक्रम

सत्य निरूपण तथा मेलमिलाप आयोगमा दर्ता भएका सम्पूर्ण द्वन्दकालीन मुद्दाहरूको छानविन गरी पीडितहरूको इच्छा, आवश्यकता एवं प्राथमिकता जस्ता कुराहरू समेत सम्बोधन हुने गरी निजहरूलाई परिपुरणको सिफारिस गर्न परिपुरण मापदण्ड तथा कार्यविधी आवश्यक भएकोले आयोगको निर्णयानुसार गठित उप-समितिले तयार पारेको परिपुरण मापदण्ड तथा कार्यविधीको प्रारम्भिक मस्यौदा उपर पीडित तथा सरोकारवाला निकायहरूसँग आयोगद्वारा निर्दिष्ट ढाँचामा सुझाव संकलन गर्न देशका निम्न स्थानहरूमा कार्यक्रम संचालन गरिएको थियो ।

| क्र.स. | प्रदेश | कार्यक्रम भएको स्थान | कार्यक्रमको मिति |
|---|---|---|---|
| १ | प्रदेश नं. १ | विराटनगर, मोरङ् | २०७४।१२।०१ र ०२ गते |
| २ | प्रदेश न. २ | जनकपुर, धनुषा | २०७४।१२।०४ र ०५ गते |
| ३ | प्रदेश न. ३ | जावलाखेल, ललितपुर | २०७४।१२।०७ र ०८ गते |
| ४ | प्रदेश नं. ४ | पोखरा, कास्की | २०७४।१२।०२ गते |
| ५ | प्रदेश न. ५ | बुटवल, रूपन्देही | २०७४।११।३० गते |
| | | तुल्सीपुर, दाङ | २०७४।१२।०२ गते |
| ६ | प्रदेश न. ६ | वीरेन्द्रनगर, सुर्खेत | २०७४।११।३० गते |
| ७ | प्रदेश न. ७ | दिपायल, डोटी | २०७४।१२।०१ र ०२ गते |

कार्यक्रममा सम्पूर्ण प्रकृतिका पीडितहरूको प्रतिनिधित्व हुने गरी समावेशी हिसावमा प्रति जिल्ला २/२ जनाको दरले साथै स्थानीय मानवअधिकारकर्मी, महिला अधिकारकर्मी, नागरिक समाजका अगुवा, पत्राकार लगायतका अन्य सरोकारवाला ब्यक्ति वा निकायका प्रतिनिधीहरूको सहभागिता रहेको थियो । जसमा पीडित सहभागीहरूबाट प्रश्नावली विधीको माध्यमबाट सुझाव संकलन गरिएको थियो भने सरोकारवाला ब्यक्ति वा निकायका प्रतिनिधीहरूबाट ब्यक्तिगत अन्तर्वार्ता तथा छलफल विधीबाट सुझाव संकलन गरिएको थियो ।

कार्यक्रमका अधिकांश सहभागीहरूबाट पीडित परिचयपत्र वितरण गर्नुपर्ने, रोजगारीको ब्यवस्था, बालबच्चाको लागि निशुल्क उच्चशिक्षाको अवसरको प्रत्याभुति हुनुपर्ने, निशुल्क स्वास्थोपचार, सीपमुलक तालिमको व्यवस्था, पीडितको सम्पत्तिमा पुग्न गएको हानी नोक्सानीको क्षतिपूर्ति दिनुपर्ने, द्वन्द्वपीडितको ईच्छा, आवश्यकता सम्बोधन हुने गरी उचित क्षतिपूर्ति र परिपुरण सिफारिश गर्नुपर्ने, जीविकोपार्जन सहज हुनेगरी आजीवन सामाजिक सुरक्षा भत्ता तथा निशुल्क स्वास्थोचारको व्यवस्था हुनुपर्ने, पीडितको सम्मानमा स्मारक बनाउनुपर्ने जस्ता विषय परिपुरण नीतिमा प्रतिविम्वित हुनुपर्ने सुझाव प्राप्त भएको थियो ।

#### २. मुकाम विस्तारको सम्भाब्यता अध्ययन सम्बन्धमा सरोकारवाला ब्यक्ति तथा निकायहरूसँग भेटघाट तथा छलफल

आयोगमा प्राप्त उजुरीहरूको संख्या तथा कार्यचापलाई समेत मध्यनजर गरी प्राप्त उजुरीहरूको अनुसन्धान प्रक्रियालाई छिटो छरितो सम्पन्न गर्न हाल कायम रहेका सात वटा मुकामहरू रहेका स्थान वाहेक अन्य स्थानहरूमा समेत मुकाम स्थापना गर्न आवश्यक देखिएकोले आयोगका अध्यक्ष तथा सदस्यहरूद्धारा देशका अधिकांश जिल्लाहरू भ्रमण गरी मुकाम स्थापनाको सम्भाब्यता अध्ययन भएको थियो । यसरी अध्ययन गर्दा जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायधिबक्ता, जिल्ला बार एसोसियसनको अध्यक्ष, स्थानिय शान्ति समितिका कर्मचारीहरू तथा उपलब्ध भएसम्मका स्थानिय पीडित, मानवअधिकारकर्मी, पत्रकार, बुद्धिजीवि, नागरिक समाजका अगुवा तथा अन्य सरोकारवाला ब्यक्ति तथा निकायहरूसँग भेटघाट

तथा छलफल गरिएको थियो ।

३. बलात्कार तथा यौजजन्य हिंसाका पीडितहरूसँग परिपुरण मापदण्ड तथा कार्यविधी सम्बन्धमा सुझाव संकलन कार्यक्रम

आयोगको मिति २०७४।१२।२७ को निर्णय अनुसार आयोगद्वारा तयार गरिएको परिपुरण मापदण्ड तथा कार्यविधीको प्रारम्भिक मस्यौदा उपर बलात्कार तथा यौजन्य हिंसाका पीडितहरूसँग सुझाव संकलन गर्न देशका विभिन्न जिल्लाहरूमा कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा उपलब्ध भएसम्मका बलात्कार तथा यौनजन्य हिंसाका पीडितहरूसँग निजहरूको गोपनियता कायम हुने गरी प्रश्नावली विधीको माध्यमबाट सुझाव संकलन गरिएको थियो ।

कार्यक्रमका अधिकांश सहभागीहरूले एक भन्दा धेरै विकल्पहरूलाई परिपुरणको रूपमा रोजेका छन । अधिकांशले एकमुष्ट रकमको चाहना साथसाथै निशुल्क शिक्षा, स्वास्थ्योपचार, रोजगारीको उपलब्धता लगायतका मागहरू राखेका छन् ।

४. आयोगद्वारा कार्यदल गठन गरी द्वन्दपीडित सुरक्षाकमी परिवार संघको माग सम्बन्धमा छलफल गरी प्रतिवेदन पेश गरिएको

वेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा उल्लेखित पीडितको परिभाषा भित्र शसस्त्र द्वन्दको क्रममा सुरक्षा निकायमा संलग्न सुरक्षाकर्मीहरूलाई नसमेटिएको भन्दै द्वन्दपीडित सुरक्षाकर्मी परिवार संघले ऐनमा रहेको पीडितको परिभाषामा संसोधन गरी आफ्ना माग सम्बोधन गर्ने उपयुक्त प्रावधानहरू ऐनमा समावेश गर्नुपर्ने तथा मृतक र घाइतेहरूलाई उचित सम्मान दिनुपर्ने भनी आयोग समक्ष विभिन्न माग राखेको थियो । यिनै मागहरूको सम्बन्धमा छलफल गरी आयोग समक्ष राय सहितको प्रतिवेदन पेश गर्न आयोगका सदस्य डा. माधवी भट्ट पराजुलीको संयोजकत्वमा असन्तुष्ट पक्षका प्रतिनिधी सहित १३ (तेह्र) सदस्यीय कार्यदलको गठन भएको हो । सोही कार्यदलले पीडितका मागहरू सम्बन्धमा छलफल गरी आयोग समक्ष पेश गरेको प्रतिवेदन नेपाल सरकार समक्ष पेश भइसकेको छ ।

माथि उल्लेखित कार्य लगायत आयोगमा पीडितहरूको सहज पहुँचको सुनिश्चितता कायम गर्न हेल्प डेक्स स्थापना गरी पीडितहरूको गुनासो तथा जिज्ञासाहरूलाई सम्बोधन गरिरहेको छ । साथै पीडितहरूका सामुहिक गुनासो सम्बोधन गर्न आयोगका पदाधिकारी, कर्मचारी तथा पीडितहरूवीच निरन्तर छलफल तथा अन्तरक्रिया समेत भइरहेको छ ।

## ग) आयोगद्वारा हालसम्म निर्माण गरिएका नीति, आचारसंहिता, कार्यविधी तथा निर्देशिकाहरू

| क्र.सं. | नीति, आचारसंहिता, कार्यविधी तथा निर्देशिकाको विवरण |
|---|---|
| १ | सत्य निरूपण तथा मेलमिलाप आयोगको बैठक संचालन कार्यविधी, २०७१ |
| २ | सत्य निरूपण तथा मेलमिलाप आयोग आचार संहिता, २०७२ |
| ३ | सम्वाद, परामर्श तथा सञ्चार नीति, २०७२ |
| ४ | सत्य निरूपण तथा मेलमिलाप आयोगलाई पीडित, बा( लबालिका, बृद्ध, अपाङ्ग तथा महिलामैत्री बनाउने सम्बन्धी कार्यविधि, २०७२ |
| ५ | विज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम कर्तव्य अधिकार र सेवा शर्त एवं सुविधा सम्बन्धी निर्देशिका, २०७२ |
| ६ | सत्य निरूपण तथा मेलमिलाप आयोगको उजूरी छानविन कार्यविधि, २०७३ |
| ७ | आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका, २०७३ |
| ८ | सत्य निरूपण तथा मेलमिलाप आयोगको अवहेलनामा कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७३ |
| ९ | सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने तथा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि |
| १० | सार्वजनिक सुनुवाई सञ्चालन कार्यविधि, २०७३ |
| ११ | सत्य निरूपण तथा मेलमिलाप आयोग छानविन निर्देशिका, २०७३ |

## उजुरीहरूको विवरण

आयोगमा मिति २०७५।०४।१५ सम्म दर्ता भएका उजुरीहरूको विषयगत विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | उजुरीको विषय | उजुरी संख्या |
|---|---|---|
| १ | हत्या | १०,८८१ |
| २ | अपहरण तथा शरीर बन्धक | ४,१४० |
| ३ | अङ्गभङ्ग वा अपाङ्ग बनाउने | ४,९१८ |
| ४ | शारीरीक तथा मानसिक यातना | २०,०५१ |
| ५ | बलात्कार तथा यौनजन्य हिंसा | ३२२ |
| ६ | सम्पत्ति सम्बन्धि | १६,१६६ |
| ७ | विस्थापन | ५,८८१ |
| ८ | विषय नखुलेका अन्य | ५९१ |
| जम्मा उजुरी संख्या | | ६२,९५० |

## मुकाम कार्यालयहरूबाट सम्पादन भएका कार्यहरू

सत्य निरूपण तथा मेलमिलाप आयोगमा दर्ता भएका सम्पूर्ण द्वन्दकालीन उजुरीहरूलाई केन्द्रिय तहबाट मात्रै छानबिन तथा सत्य अन्वेषण गर्न सहज नदेखिएकोले वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको दफा ३१ एवं नियमावलीको नियम ३२ मुताविक प्रदेशस्तरिय मुकाम स्थापना गर्ने सम्बन्धमा आयोगको मिति २०७३।०६।०८ को ७७ औं बैठकको निर्णय अनुसार निम्न स्थानमा आयोगको मुकामहरूको स्थापना भएको छ ।

| प्रदेश | मुकाम रहने स्थान | कैफियत |
|---|---|---|
| १ | बिराटनगर | |
| २ | जनकपुर | |

| | | |
|---|---|---|
| ३ | ललितपुर | आयोगको मिति २०७३।०६।०८ को बैठकको निर्णयबाट मुकाम रहने स्थान हेटौडा कायम भएतापनि २०७४।०२।१४ को निर्णयबाट संसोधन भएको । |
| ४ | पोखरा | |
| ५ | तुल्सीपुर | |
| ६ | सुर्खेत | |
| ७ | दिपायल | |

मुकाम स्थापनाको निर्णय पश्चात आयोगको मिति २०७४।०१।२० को ११९ औं बैठकको निर्णयबाट सम्बन्धित उच्च सरकारी वकील कार्यालयका सह-न्यायाधिबक्ता वा सह-न्यायाधिबक्ताको हैसियतमा काम गर्ने अधिकृतको संयोजकत्वमा ३ (तीन) सदस्यीय अनुसन्धान अधिकारीको गठन गरी अनुसन्धान अधिकारीलाई कार्यादेश समेत दिइएको छ। मुकामहरूमा आवश्यक पर्ने कर्मचारीहरू उच्च सरकारी वकील कार्यालयका साथै अन्य सरकारी कार्यालयबाट काजमा खटाइनुका साथै सेवा करार मार्फत नियुक्त गरिएको छ। अनुसन्धान अधिकारीलाई प्रदत्त कार्यादेश सँगसँगै आयोगको ११९ औं बैठकको निर्णयअनुसार प्रत्येक मुकाममा दर्ता क्रमअनुसार एक/एक हजार थान उजुरीलाई प्रारम्भिक छानविनको लागि पठाइएको थियो। त्यस्तै आयोगको मिति २०७५।०४।१६ को बैठकको निर्णयबाट सम्बन्धित प्रदेश हेर्ने सदस्यको परामर्शमा थप उजुरीहरू समेत मुकामहरूमा पठाइएको थियो । यसरी आयोगबाट प्राप्त कार्यादेशको अधिनमा रही प्रत्येक उजुरीका उजुरीकर्ताहरूसँग सम्पर्क स्थापित गरी निज र निजका साक्षीहरूसँग बकपत्र लगायत आवश्यक प्रमाण संकलन पश्चात् तयार गरिएको प्रारम्भिक छानविनको राय प्रतिवेदन संलग्न राखी मुकामहरूबाट आयोगको केन्द्रिय कार्यालयमा उजुरीहरू प्राप्त भइरहेका छन् । प्रारम्भिक छानविन पश्चात् प्राप्त उजुरीहरूलाई आयोगका कर्मचारी तथा पदाधिकारीहरूले अध्ययन गरिरहनुभएको छ भने मुकाममा बाँकी रहेका उजुरीहरूमा उजुरी सनाखत, बकपत्र तथा आवश्यक प्रमाण संकलनको काम जारी रहेको छ। आयोगको मुकाममा विभिन्न मितिमा पठाइएका जम्मा उजुरीहरू एवं प्रारम्भिक अनुसन्धान भई राय सहित प्राप्त भएका उजुरीहरूको संख्यालाई तपशिलमा उल्लेख गरिएको छ।

### आयोगका विभिन्न मुकाममा पठाइएका तथा प्रारम्भिक छानविन पश्चात राय सहित प्राप्त उजुरीहरुको संख्यात्मक विवरण

| प्रदेश | मुकाम | मुकाममा पठाइएका उजुरीहरुको संख्या | प्रारम्भिक छानविन भइ रायसहित प्राप्त उजुरीहरुको संख्या (२०७५।१०।०६ गते सम्म) |
|---|---|---|---|
| १ | बिराटनगर | १६५१ | १०००।- |
| २ | जनकपुर | १३६३ | ३७८ |
| ३ | ललितपुर | १३२२ | २८१ |
| गण्डकी | पोखरा | २०६६ | ८८४ |
| ५ | तुल्सीपुर | १८०० | ४६५ |
| कर्णाली | सुर्खेत | १००० | ३८९ |
| ७ | दिपायल | १०१८ | २१८ |
| जम्मा | | १०,२२०।- | ३६१५।- |

वेपत्ता पारिएका ब्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, इण्ठड्ड मा भएको संसोधन मार्फत यस आयोगको कार्याबधि एक बर्ष थप भएको छ। उक्त अवधिभित्र ऐन बमोजिम आयोगबाट सम्पन्न हुनुपर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्याबधि एक बर्षसम्मको लागि थप गर्न सक्ने प्रावधान समेत संसोधित ऐनमा उल्लेख रहेको छ। मिति इण्ठछाड्डणद्दछ मा संसोधन भएको उक्त ऐनमा आयोगका अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएको कारणले मात्र आयोगको कार्यवधि समाप्त भएको नमानिने ब्यवस्था समेत थप गरिएको छ।

### आयोगले आगामी दिनमा गर्नुपर्ने बाँकी कार्यहरू

आयोगले ऐनले दिएको जिम्मेवारी प्रभावकारी ढङ्गले सम्पन्न गर्दै शान्ति प्रकृयालाई सफल निष्कर्षमा पुर्याउने कार्यलाई केन्द्रविन्दुमा राखी आयोगको काम कारवाही स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढङ्गले गर्ने, प्रारम्भिक छानविनको लागि केही उजुरीहरू मुकाम कार्यालयमा पठाउने र प्रारम्भिक छानविन पश्चात् आयोगमा प्राप्त भएका उजुरीहरूको ब्यवस्थापन गर्नेसम्मको काम सम्पन्न भइसकेको वर्तमान अवस्थामा आयोगले आगामी दिनमा गर्नुपर्ने कामहरू निम्नबमोजिम रहेका छन्।

- क्षेत्राधिकार भित्र परे नपरेका उजुरीहरूलाई छुट्टाउनुपर्ने ।
- आयोगको क्षेत्राधिकार भित्र नपरेका उजुरीहरूलाई तामेलीमा राख्न आवश्यक ब्यवस्था गर्नुपर्ने ।
- प्रारम्भिक छानविन गर्न वाँकी रहेका उजुरीहरूमा प्रारम्भिक छानविन सुरू गर्नुपर्ने ।
- प्रारम्भिक छानविन भएका उजुरीहरूमध्ये विस्तृत छानविन गर्नुपर्ने भनी अनुसन्धान अधिकारीहरूबाट राय प्राप्त उजुरीहरूमा आयोगको निर्णयअनुसार विस्तृत छानविन गर्नुपर्ने ।
- सशस्त्र द्वन्द्वको समयमा घटेका घटनाहरूको सत्य अन्वेषण गर्ने ।
- घटनाको वास्तविक तथ्य जनसमक्ष ल्याउने ।
- मानव अधिकारको गम्भीर उल्लंघनका घटनाका पीडक र पीडित एकीन गर्ने ।
- पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानबिन पछिको जानकारी उपलब्ध गराउने ।
- विस्तृत अनुसन्धानका लागि आवश्यक पर्ने मापदण्ड तथा कार्यविधि निर्माण गर्ने ।
- परिपूरण मापदण्ड तथा कार्यविधि तयार गरी परिपूरण सिफारिश गर्ने ।
- मेलमिलाप सम्बन्धी मापदण्ड तयार गरी मेलमिलाप गराउने ।

# आयोगका कर्मचारीको विवरण

## क) हाल कार्यरत कर्मचारीको विवरण

| | | |
|---|---|---|
| १ | सचिव | श्री रमेश ढकाल |
| २ | सहन्यायाधिवक्ता | डा.गोपीचन्द्र भट्टराई |
| ३ | उपन्यायाधिवक्ता | संगिता न्यौपाने ढुङ्गेल |
| ४ | उपन्यायाधिवक्ता | जुद्धबहादुर आले |
| ५ | शाखा अधिकृत | चुडामणी भण्डारी |
| ६ | शाखा अधिकृत | सुवाष लिम्बू |
| ७ | शाखा अधिकृत | इन्दिरा ज्ञवाली |
| ८ | सि.अ.हे.ब.अ. | नकुल बञ्जारा |
| ९ | शाखा अधिकृत | अनिता श्रेष्ठ |
| १० | शाखा अधिकृत | बर्तराज पौडेल |
| ११ | शाखा अधिकृत | गीता तिवारी |
| १२ | शाखा अधिकृत | चिरञ्जीवी लुइटेल |
| १३ | शाखा अधिकृत | योगेश्वरी भट्टराई |
| १४ | शाखा अधिकृत (स.व.) | सुशिला ज्ञवाली |
| १५ | लेखापाल | कृष्णकुमारी शर्मा |
| १६ | नायव सुव्वा | प्रकाश भट्टराई |
| १७ | नायव सुव्वा | बैजयन्ती देवी न्यौपाने |
| १८ | नायव सुव्वा | मनोज पोखरेल |
| १९ | पुस्तकालय सहायक | ललिता कार्की |
| २० | कम्प्यूटर अपरेटर | लक्ष्मीकुमारी लोहनी |
| २१ | कम्प्यूटर अपरेटर | भुवन राज पाण्डेय |
| २२ | कम्प्यूटर अपरेटर | यमुना खुलाल |
| २३ | कम्प्यूटर अपरेटर | यकिन दाहाल |
| २४ | कम्प्यूटर अपरेटर | प्रतिमा पोखरेल |
| २५ | कम्प्यूटर अपरेटर | गान्धिरा प्रधान |
| २६ | अ.न.मी. | प्रमिला दाहाल |
| २७ | खरिदार | सावित्रा अधिकारी |
| २८ | ह.स.चा. | राधाकृष्ण बिशुत्ते |
| २९ | ह.स.चा. | नेमा दोर्जे तामाङ |
| ३० | ह.स.चा. | पुष्पबहादुर सिलवाल |
| ३१ | ह.स.चा. | बिष्णुकुमार के सी |
| ३२ | ह.स.चा. | भेषराज पराजुली |
| ३३ | ह.स.चा. | राज कुमार थापा |
| ३४ | ह.स.चा. | रामप्रसाद निरौला |
| ३५ | ह.स.चा. | चन्द्रबहादुर थापा मगर |
| ३६ | ह.स.चा. | दलबहादुर तामाङ् |
| ३७ | ह.स.चा. | ओमप्रसाद गौतम |
| ३८ | ह.स.चा. | बुद्धिमान सुनार |
| ३९ | कार्यालय सहयोगी | नन्द कुमार राई |
| ४० | कार्यालय सहयोगी | शारदा दाहाल |
| ४१ | कार्यालय सहयोगी | योगेश्वर डंगोल |
| ४२ | कार्यालय सहयोगी | गीता वली |
| ४३ | कार्यालय सहयोगी | रजनिश भण्डारी |
| ४४ | कार्यालय सहयोगी | शोभिता मैनाली |
| ४५ | कार्यालय सहयोगी | कमला बास्कोटा |
| ४६ | कार्यालय सहयोगी | सामना महत |
| ४७ | कार्यालय सहयोगी | सञ्जु भट्टराई |
| ४८ | कार्यालय सहयोगी | बुद्धरत्न बुधाचार्य |
| ४९ | कार्यालय सहयोगी | शंकर बराम |
| ५० | कार्यालय सहयोगी | सुनिता तोलागङगे |
| ५१ | कार्यालय सहयोगी | गोविन्द मैनाली |
| ५२ | कार्यालय सहयोगी | श्यामकुमार तामाङ् |
| ५३ | कार्यालय सहयोगी | गोदावरी जोशी |

## ख) कर्मचारीहरूको सरुवा विवरण

| क्र.सं. | आयोगमा सरुवा भई आएका कर्मचारीको नाम | पद | सरुवा भई आएको कार्यालय |
|---|---|---|---|
| १ | श्री रमेश ढकाल | सचिव | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार |
| २ | श्री जुद्धबहादुर आले | उपन्यायाधिवक्ता | जिल्ला सरकारी वकिल कार्यालय, सप्तरी |
| ३ | श्री सुशीला ज्ञवाली | शाखा अधिकृत (स.व.) | जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं |

| क्र.सं. | आयोगबाट सरुवा र निवृत्त भई गएका कर्मचारीको नाम | पद | सरुवा भई गएको कार्यालय |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र प्रसाद पौडेल | सचिव | सेवा निवृत्त |
| २ | श्री रमेश ढकाल | सचिव | उच्च अदालत, जनकपुरमा न्यायाधिश पदमा नियुक्त भई जानुभएको |
| ३ | श्री गोपालदेव पन्त | सहसचिव | सेवा निवृत्त |
| ४ | श्री अविकेश्वर पोखरेल | उपन्यायाधिवक्ता | सेवा निवृत्त |
| ५ | श्री दथरथ गौतम | उपन्यायाधिवक्ता | जिल्ला सरकारी वकिल कार्यालय, बर्दिया |
| ६ | श्री तारासिंह धामी | शाखा अधिकृत (स.व.) | जिल्ला सरकारी वकिल कार्यालय, दार्चुला |
| ७ | श्री परशुराम दाहाल | शाखा अधिकृत | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ८ | श्री देवराज लुईटेल | शाखा अधिकृत | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| ९ | श्री परमेश्वर पन्त | शाखा अधिकृत | अजिरकोट गाउँपालिकाको कार्यालय गोरखा |
| १० | श्री उमेश्वर प्रसाद काफ्ले | लेखा अधिकृत | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ११ | श्री सुरेन्द्र प्रसाद पन्त | नायब सुब्बा | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ३ |
| १२ | श्री गणेश आचार्य | कम्प्युटर अपरेटर | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ |

## ऐन संसोधन मार्फत आयोगको कार्याबधि थप

वेपत्ता पारिएका ब्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा भएको संसोधन मार्फत यस आयोगको कार्याबधि एक बर्ष थप भएको छ । उक्त अवधिभित्र ऐन बमोजिम आयोगबाट सम्पन्न हुनुपर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्याबधि एक बर्षसम्मको लागि थप गर्न सक्ने प्रावधान समेत संसोधित ऐनमा उल्लेख रहेको छ। मिति २०७५.१०.२५ मा संसोधन भएको उक्त ऐनमा आयोगका अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएको कारणले मात्र आयोगको कार्यवधि समाप्त भएको नमानिने ब्यवस्था समेत थप गरिएको छ।

# संक्रमणकालीन न्याय सम्बन्धी अवधारणा र आयोगको भूमिका



डा.गोपीचन्द्र भट्टराई

## संक्रमणकालीन न्याय

संक्रमणकालीन न्यायमा संक्रमण र न्याय गरी दुई शब्द समावेश भएको छ । एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तन हुनु नै संक्रमण हो । सामान्य अर्थमा संक्रमणकालमा गरिने न्याय नै संक्रमणकालीन न्याय हो । संक्रमणकालीन न्यायमा खासगरी दार्शनिक कानूनी र राजनीतिक पक्ष समावेश भएको हुन्छ । युद्ध वा द्वन्द्व पछि स्थिरता र न्याय कायम गर्नु नै यसको मूलभूत चरित्र र उद्देशय हो ।

नयाँ संविधान निर्माण भई सकेको तर शासन व्यवस्थाले स्थिरता नपाएको अवस्था सम्मलाई संक्रमणकाल भनिन्छ । संवैधानिक स्थिरता कायम रहेको क्यानडा जस्तो मुलकमा पनि संक्रमणकालीन न्याय संयन्त्र प्रयोग भएकोले नयाँ संविधान मात्र निर्माण संक्रमणकालिन न्यायको पूर्व र अनिवार्य शर्त होइन ।

ग्रीक दार्शनिकहरूको भनाइमा न्याय कुनै कार्यको गुण **(Virtue of Action)** हो र इशापूर्व ४२७ मा जन्मेका प्लेटोको विचारमा न्याय भन्नाले सद्भावना र कानून पालना गर्नेलाई सम्झनु पर्दछ ।

न्यायले समाजका सबै व्यक्तिहरूलाई एकताको सूत्रमा बाँध्दछ । निष्पक्षता कायम गर्ने कानूनी वा दार्शनिक सिद्धान्त नै वास्तवमा न्याय हो । सामाजिक सम्झौताको कभगबअियलतचबअत तजभयचथ सिद्धान्त अनुसार सम्बद्ध सबैको सहमतिको आधारमा न्याय प्राप्त गरिन्छ ।

**A theory of Justice df John Rawls** लेख्छन् - **Justice is the first virtue of social institutions as truth is of systems of thought. A theory however elegant and economical must be rejected or arranged revised if it is untrue, likewise laws and institution no matter how efficient and well arranged must be reformed or abolished if they are unjust.** यसबाट हेर्दा भनाइमा निष्पक्षता नै न्याय हो ।

फौज्दारी न्यायको सिद्वान्त अनुसार कानूनको उल्लंघन गर्नेले सजाय पाउनु नै न्याय हो । मानवता दर्शनले भने दया र क्षमालाई बढि जोड दिएको छ ।

## संक्रमणकालीन न्यायको इतिहासः

संक्रमणकालीन न्यायको मूलमा दोस्रो विश्व युद्धपछिको न्यूरेम्वर्ग अन्तर्राष्ट्रिय सैन्य ट्रिव्युनलको स्थापना रहेको छ । त्यसैगरी संयुक्त राष्ट्र संघको मानवअधिकारको घोषणा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार कानून, संयुक्त राष्ट्रसंघ महासभाको विभिन्न प्रस्तावहरू र संयुक्त राष्ट्रसंघ महासचिवको विभिन्न प्रतिवेदनहरू, मानव अधिकार उच्च आयुक्तको प्रतिवेदन, अर्जेन्टिना र चिलिको सत्य निरूपण आयोगका काम कारवाहीले संक्रमणकालिन न्यायको विकास हुँदै आएको पाइन्छ । शितयुद्ध पछि पूर्वी यूरोपमा परीक्षण र दृष्टान्तको प्रयोग गरिएको थियो भने, अफ्रिकामा अभियोजन र परिपूरण कार्यक्रम लागू गरिरहेको थियो ।

सन् १९८० देखि संक्रमणकालिन न्याय प्राज्ञिक अध्ययन को विषय बनेको छ । विभिन्न विश्व विद्यालयहरूमा यस सम्बन्धमा अध्ययन अध्यापन हुँदै आएको छ । संक्रमणकालीन न्यायको अध्ययनको लागि **International Center for Transitional Justice** क्रियाशील रहेको छ । व्यापक मानव अधिकार ज्यादतीहरू भोगेका समाजमा जवाफदेहिता प्रबर्द्धन गर्न र सत्यको खोजी गर्न तथा परिपूरण प्रदान गर्न विश्सनीय संस्थाहरू निर्माण गर्नमा यसले सहयोग गर्दछ ।

संक्रमणकालीन न्यायको परिभाषाःसंक्मणकालीन न्यायलाई विष्य विमर्श र अभ्यास **Motif, discourse, Practice )** को रूपमा लिइन्छ । **Anja mihr** ले **Transitional Justice is a concept and a process that encompasses a number of different legal, Political and cultural instruments and mechanisms that can strengthen, weaken, enhance or accelerate processes of regime change and consolidation. The process is inter- generational and the measures are multiple** भनेर **An Introduction to Transitional Justice** मा उल्लेख गरेका छन् ।

संक्रमणकालिन न्यायको अध्ययन क्षेत्र तर्फ हेर्दा कानून, सार्वजनिक नीति, अर्थशास्त्र, राजनीति शास्त्र, इतिहास, मनोविज्ञान, सार्वजनिक व्यवस्थापन र फोरेन्सिक **(Forensics)** आदि विषय रहेको छ । यो अन्तर अनुशासनात्मक विषय पनि हो ।

## चन्द्रलेखा श्री राम (Chandra Lekha Sriram)

**Transitional Justice in Comparative Perspective Lessons for the Middle East** मा लेख्छिन्ः- **Transitional Justice is a vast, amorphous, and seemingly ever-expanding field: The questions it addresses range from the specific, such as dealing with past atrocities, to broader questions of how to promote conflict prevention and resolution, peace-building, rule of law,democratization, traditional Justice Processes and social and economic Justice.**

संक्रमणकालिन न्यायको क्षेत्र विस्तार हुँदै गएको छ । सन् १९८० पछि यसको कुनै न कुनै रूपमा प्रयोग गर्ने मुलुकहरूको संख्या बढदै गएको छ । यो विगतको खराब अनुभवको आधारमा भविष्यमा लोकतान्त्रिक संस्था निर्माण गर्ने न्याय दर्शनसँग सम्बन्धित छ। यो पृष्ठगामी **(Backward looking)** किसिमको भन्दा अग्रगामी **(Forward looking)** प्रकृतिको हुन्छ । यो आशामुखी र परिणाममुखी पनि हुन्छ ।

## संक्रमणकालीन न्यायको परिभाषाः

नेपालमा २०५२ सालदेखि २०६३ सालसम्मको सशस्त्र द्वन्द्वको समयलाई संक्रमणकाल भनिएको हो । उक्त समयमा उक्त द्वन्द्वको कारण मानव अधिकारबाट वञ्चित भई पीडित भएका व्यक्तिलाई न्याय दिने काम संक्रमणकालीन न्याय हो । यस अन्तर्गत पीडितलाई क्षतिपूर्तिबाट परिपूरण गर्न र पीडकलाई कारवाइको सिफारिस गर्ने काम पर्दछन् ।

## संक्रमणकालीन न्याय सम्बन्धी कानूनी व्यवस्था:

नेपालको इतिहासमा २०६३।८।५ मा भएको विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान २०६३, वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१, नेपालको सविधान (२०७२), सर्वोच्च अदालतबाट प्रतिपादित भएका नजिरहरू संक्रमणकालीन न्याय सम्बन्धी कानूनी हुन्।

संयुक्त राष्ट्र संघको वडापत्र **(UDHR)**, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी **(ICCPR)**, आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी **(ICESCR)** तथा अन्तर्राष्ट्रिय मानवीय कानून सम्बन्धी जेनेभा सम्मेलन १९४९, रोम विधान लगायतका कुराहरूलाई संक्रमणकालीन न्याय सम्बन्धी अन्तर्राष्ट्रिय कानून मान्न सकिन्छ।

## सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना:

सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना २०७१।१०।२७ मा भएको हो। २०७१।१०।२८ मा अध्यक्षले प्रधानन्यायाधीश समक्ष र अन्य सदस्यहरूले अध्यक्ष समक्ष शपथ लिएपछि आयोगको कार्य प्रारम्भ भएको हो।

## आयोगको उद्देश्य:

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावना हेर्दा आयोगको स्थापनाको उद्देश्य सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरूद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको सिफारिस गर्नको लागि हो भन्ने देखिन्छ।

## मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषा:

मानव अधिकारको गम्भीर उल्लंघन भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निशस्त्र व्यक्ति वा जनसमुदायविरूद्व लक्षित गरी वा योजनावद्धरूपमा गरिएको देहायको कार्य सम्झनुपर्छ भनी ऐनको परिभाषा खण्डमा उल्लेख गरिएको छ।

- हत्या
- अपहरण तथा शरीर बन्धक
- व्यक्ति वेपत्ता पार्ने
- अंगभंग वा अपांग बनाउने
- शारीरिक वा मानसिक यातना
- बलात्कार वा यौनजन्य हिंसा
- व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट वा कब्जा, तोडफोड वा आगजनी
- घरबाट निकाला वा अन्य कुनै किसिमबाट विस्थापन
- अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानूनविपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवताविरूद्धको अन्य अपराध

## आयोगको काम, कर्तव्य, अधिकार:

ऐनको प्रस्तावनामा उल्लेखित उद्देश्यलाई साकार पार्न ऐन,को दफा १३ मा आयोगको काम कर्तव्य अधिकार देहाय वमोजिम रहेको देखिन्छः-

मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने

पीडित तथा पीडकको यकिन गर्ने

पीडक र पीडितबीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने

पीडित वा निजको परिवारका सदस्यलाई उपब्ध गराउनुपर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने

मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारवाहीको लागि सिफारिस गर्ने

पीडितलाई तोकिए वमोजिमको परिचयपत्र तथा छानविनपछिको जानकारी उपलब्ध गराउने

## आयोगको अधिकार

आयोगले दफा २ मा उल्लेखित गम्भीर मानव अधिकार उल्लंघनका विषयहरूमा दफा १३ वमोजिमको काम गर्नको लागि दफा १४ वमोजिम देहायका अधिकारहरू प्रयोग गर्छ:

- कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने
- साक्षी बुझ्ने तथा वकपत्र गराउने
- कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने
- कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने
- प्रमाण बुझ्ने
- स्थलगत निरीक्षण गर्ने वा गराउने वा दशी प्रमाण पेश गर्न आदेश दिने
- आयोगको छानविन सम्बन्धी अधिकार

अदालतलाई भएसरहको अधिकार प्रयोग गरी देहायकको काम गर्न सक्नेः-

- जानकारी लिने वा बयान गराउने
- साक्षी बुझ्ने
- लिखत वा कागजात वा दशी वा
- प्रमाण बुझ्ने
- स्थलगत निरीक्षण गर्ने वा गराउने
- कुनै वस्तु वा लिखतको खानतलासी गर्ने फेला परेको वस्तु कब्जा गर्ने
- सार्वजनिक पद धारण गरेको व्यक्तिउपर छानविन गर्न परेमा ३ महिनासम्म निलम्वन गर्न सक्ने
- शव गाडिएको स्थानको उत्खनन गर्ने
- शवको परीक्षण वा **DNA Test** गर्न सक्ने
- आयोगले आफ्नो कार्यमा सहयोग पुऱ्याउन जोसुकैबाट सहयोग माग गर्न सक्ने। सहयोग नगर्नेलाई विभागीय कारवाइ गर्न सक्ने
- आयोगले आफ्नो अवहेलनामा कारवाइ गर्न सक्ने
- व्यक्तिको सुरक्षा र संरक्षण गर्न सक्ने
- सार्वजनिक सुनुवाइ गर्न सक्ने
- उपसमिति वा कार्यटोली गठन गर्न सक्ने
- विशेषज्ञको सेवा लिन सक्ने
- आयोगको दायित्व र जिम्मेवारी

- आयोगको काम कारवाइ खुला र पारदर्शी हुनुपर्ने
- स्वतन्त्रता र निष्पक्षता कायम हुनुपर्ने
- आयोगको कार्यपद्दतिका चरणहरू
- आयोगको सत्य निरूपण सम्बन्धी कामलाई देहायका चरणहरूमा विभाजन गर्न सकिन्छ ।
- उजुरी दर्ता
- प्रारम्भिक छानविन र प्रमाण परीक्षण

## निर्णय

### (क) उजुरी दर्ताः

आयोगमा २०७४ साल चैत्र मसान्तसम्ममा ६१६०८ उजुरीहरू दर्ता भएको देखिन्छ । सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाको सम्बन्धमा पीडित वा निजको तर्फबाट आयोगमा उजुरी दिन आयोगले सार्वजनिक सूचना प्रकाशन गरी उजुरी माग गर्न सक्ने भन्ने व्यवस्था सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ मा रहेको छ । सो वमोजिम पहिलो पटक २०७३।१।५ देखि २०७३ असार २ सम्म म्याद दिई उजुरी आह्वानको सूचना प्रकाशित भएको, दोस्रो पटक २०७३।४।३ देखि २०७३।४।२६ गतेसम्मको म्याद दिई उजुरीको म्याद थपको सूचना प्रकाशित भएको र तेस्रो पटक २०७४ असार २५ देखि श्रावण २४ सम्मको म्याद दिई तेस्रो सूचना प्रकाशित भएको थियो । तत्पश्चात पनि उजुरी दिन चाहने पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग वा आयोगले तोकेको स्थानमा उपस्थित भई वा हुलाक, इमेल वा अन्य विद्युतीय माध्यमबाट आफूसँग भएका सबै प्रमाण संलग्न गरी उजुरी दिन सक्ने प्रावधान छ । टेलिफोन वा भेटवार्ताको माध्यमबाट मौखिक उजुरी परेकोमा पनि अनुसूची-१ वमोजिमको ढाँचामा लिपिवद्ध गरी पढीवाँची सुनाई निजको दस्तखत समेत गराउनुपर्ने प्रावधान छ । इमेल वा फ्याक्समार्फत पर्न आएको उजुरी भने सम्बन्धित पक्षले आयोगमा आई सनाखत गर्नुपर्ने व्यवस्था रहेको छ ।

आयोगमा निजम ४ वा ५ वमोजिम पर्न आएका उजुरी वा जानकारी सम्बन्धित कर्मचारीले अनुसूची-२ वमोजिमको उजुरी दर्ता कितावमा दर्ता गरी सम्बन्धित व्यक्तिलाई अनुसूची-३ वमोजिम उजुरी दर्ताको निस्सा दिनुपर्ने प्रावधान नियमावलीमा रहेको छ ।

प्राप्त उजुरीहरूलाई आयोगले क्षेत्राधिकार, नपरेको, म्याद नाघेको, प्रथम दृष्टिमा तथ्य तथा प्रमाणको अभाव देखिएका वा अस्पष्ट उजुरी वा दोहोरिएको उजुरी वा बेनामी उजुरी तामेलीमा राख्न सक्ने निर्णय गर्ने व्यवस्था छ ।

### (ख) प्रारम्भिक छानविन र प्रमाण परीक्षणः

प्रारम्भिक छानविन भनेको उजुरी दर्ता भएपछि आयोगले प्रारम्भिक सुनुवाई गर्ने अवस्था हो । यो छानविनको समयमा उजुरवाला को हुन्, कसको विरूद्धमा उजुर गरिएको हो, उजुरीको व्यहोरा के हो, उजुरी सुनुवाइको लागि आयोगको क्षेत्राधिकार छ छैन, उजुरी दिने कानून वमोजिमको म्यादभित्रको उजुरी छ छैन तथ्यलाई समर्थन गर्ने प्रमाणहरू के के बुझ्नुपर्ने अवस्था छ, एकै व्यक्तिले एकै विषयमा एकपटक भन्दा बढी उजुरी दिएको छ छैन, दिएको भए ती उजुरीहरूमा के भइराखेको छ इत्यादि कुराहरू छानविन गरिन्छ ।

प्रारम्भिक छानविन पश्चात तामेलीमा राख्ने भन्ने निर्णय भएकोमा बाहेक अरू उजुरीमा सो उजुरी खम्बीर हुने प्रमाणहरू के के पेश गरेका छन् वा गर्न सक्ने भन्ने उल्लेख गरेका छन् ती प्रमाणहरू केलाइन्छ । उजुरीकर्ता झिकाउने वा निजसँग सम्पर्क गर्ने, बयान गराउने, साक्षी बुझ्नुपर्ने भए सोको व्यवस्था गर्ने (प्रमाण परीक्षण गर्ने) लगायतका कुराहरू प्रारम्भिक छानविन अन्तर्गत पर्छन् ।

आयोगले प्रारम्भिक छानविनका लागि प्रति मुकाम एक हजारको दरले उजुरीहरू मुकामहरूमा पठाएको अवस्था छ । ती मुकामहरूले पनि केही उजुरीहरूमा प्रारम्भिक छानविन गरी आफ्नो राय समेत राखेर आयोगमा प्रतिवेदन दिइसकेका छन् । ती प्रतिवेदनहरूको विवरणको लगत तयार गरी आयोगमा पेश गर्नको लागि सचिवालयलाई अख्तियारी दिने गरी २०७५।१।२८ मा बसेको १७२ औं वैठकले निर्णय गरेको अवस्था छ । यी राय प्रतिवेदन सहितको उजुरी आयोगले सुनुवाइ गर्ने कार्य पनि प्रारम्भिक छानविन नै हो । यसमा आयोगले देहायका निर्णयहरू गर्न सक्ने देखिन्छः-

उजुरी तामेलीमा राख्ने

उजुरीमा थप छानविन गर्ने

उजुरीमा टुंगो लगाउने प्रकृतिको निर्णय गर्ने

### (ग) निर्णयः

उजुरीमा छानविन, प्रमाण परीक्षण इत्यादि कुरा समाप्त भइसकेपछि सो उजुरीलाई टुंगो लगाउनुपर्ने हुन्छ । टुंगोलाई आयोगको निर्णयको रूपमा राखिन्छ । त्यसको टुंगो निम्न प्रकृतिको हुन्छः

- सम्पत्ति फिर्ताको सिफारिस गर्ने दफा २४
- कारवाइको सिफारिस गर्ने दफा २५
- मेलमिलाप गराउने दफा २२
- क्षतिपूर्ति (परिपुरण) को सिफारिस गर्ने दफा २३

# मिति २०७५ श्रावणदेखि चैत्र महिनासम्म आयोगमा भएका गतिविधिहरु

१. यस आयोगको मिति २०७५।०४।१० गते बसेको १७६ औं बैठकको निर्णयअनुसार आयोगद्वारा स्वीकृत कार्ययोजना नेपाल सरकार समक्ष लेखी पठाइएको।

२. प्रारम्भिक छानविन सम्पन्न भई ७ वटै प्रदेशबाट प्राप्त उजूरीहरूमध्ये जम्मा ४२० उजूरीहरू ४ जना सदस्यज्यूहरूलाई बुझाइएको।

३. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट माग भएअनुसार बैदेशिक भ्रमणमा जाने कर्मचारीहरूको विवरण पठाइएको।

४. आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको का.स.मू. दर्ता गरी सुपरीवेक्षण कार्य सम्पन्न ।

५. यस आयोगको सूची दर्ताको लागि प्रकाशित सूचना अनुसार विभिन्न व्यक्ति, फर्म, कम्पनीहरूले बुझाएका सूचीहरूको समूहीकरण गरी दर्ता कार्य सम्पन्न।

६. यस आयोगको मुकाम कार्यालय पोखरामा मिति २०७५।०६।०९ गते ८९४ थान उजूरी प्रारम्भिक छानविनका लागि पठाइएको ।

७. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको दर्ता नं.१७९ को उजूरीलाई लगाउमा राखी छानविन गरी राय पेश गर्न मुकाम कार्यालय सुर्खेतमा मिति २०७५।०६।०५ मा पठाइएको।

८. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा संविधानको धारा ५३ बमोजिमको प्रतिवेदन पठाएको ।

९. उच्च अदालत पाटनको माग अनुसार सम्मानित अदालतमा बहसको क्रममा रहेको मुद्दा र सोसँग सम्बन्धित एउटै लगावको मुद्दाको फाइल यस आयोगमा समेत रहेको हुँदा अध्ययन पछि फिर्ता पाउने गरी उपलब्ध गराइएको ।

१०. आयोगमा कार्यरत उपसचिव श्री दशरथ गौतमलाई सूचना अधिकारीको जिम्मेवारी तोकिएको।

११. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको माग अनुसार आयोगको संगठनात्मक संरचनाको जानकारी उपलब्ध गराइएको ।

१२. आयोगका सदस्य डा माधवी भट्ट पराजुलीद्वारा प्रदेश नं ६ को मुकाम कार्यालय सुर्खेतमा निरीक्षण एवम् आवश्यक निर्देशन दिने कार्य सम्पन्न ।

१३. आयोगको मुकाम कार्यालय सुर्खेतका विज्ञ श्री विवसकुमार बस्नेतको राजीनामा स्वीकृत तथा मिति २०७/०७/२९ को १८४ औं बैठकको निर्णयअनुसार श्री खेमराज जैसीलाई विज्ञमा नियुक्ति गरिएको।

१४. श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको माग अनुसार विदेश भ्रमण गर्ने कर्मचारीको विवरण पठाइएको।

१५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको माग अनुसार सदाचार सम्बन्धी सबै कर्मचारीले देख्ने ठाउँमा व्यानर (पोष्टर) टाँस गरियो । साथै सो सम्बन्धमा सम्पूर्ण कर्मचारीलाई हस्ताक्षर सहित जानकारी गराइयो।

१६. यस आयोगलाई आवश्यक पर्ने स्टेशनरी एवम् मसलन्द सामान खरिद गर्न सूचीबाट छनौट भएका आपूर्तिकर्ताबाट खरिद गर्ने कार्य प्रकृया अघि बढाइएको ।

१७. आयोगको १७७ देखि १८६ औं बैठक सम्पन्न ।

१८. यस आयोगमा कार्यरत विभिन्न सेवा समुह र पदका कर्मचारीहरूको विवरण अध्यावधिक गर्ने प्रयोजनार्थ निजामती किताबखानामा सिफारिस गरी पठाइएको ।

१९. आयोगका सातवटै मुकामबाट प्रारम्भिक छानविन पछि राय सहित जम्मा ७७२ थान उजुरी प्राप्त भएको।

२०. आयोगका अध्यक्ष श्री सूर्यकिरण गुरूङ् र सदस्य श्री लिला उदासी खनालले मिति २०७५।१०।२७ गतेदेखि लागु हुनेगरी नेपाल सरकार समक्ष राजीनामा पेश गर्नुभएको।

२१. आयोगमा कार्यरत उपन्यायाधिवक्ता एवम् सुचना अधिकारी श्री दशरथ गौतम सरूवा भई जानुभएकोले उपन्यायाधिवक्ता श्री संगिता ढुङ्गेल न्यौपानेलाई मिति २०७५।११।१४ गते सुचना अधिकारीको जिम्मेवारी तोकिएको।

२२. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को मिति २०७५।१०।२५ को संशोधित व्यवस्था अनुसार आयोगका सदस्यहरू श्री श्रीकृष्ण सुवेदी, डा. माधवी भट्ट पराजुली र मञ्चला कुमारी झा को पदावधी मिति २०७५ चैत्र मसान्तसम्म मात्र कायम रहेको।

२३. आयोगले नेपाल सरकार समक्ष पेश गर्ने प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गर्न आयोगको निर्णयानुसार सचिवालयलाई निर्देशन प्राप्त भएकोमा सचिवस्तरीय निर्णयानुसार कार्यटोली गठन भई तयार भएको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गरिएको ।

# सत्य निरुपण तथा मेलमिलाप आयोग

## बबरमहल, काठमाण्डौं

# नागरिक बडापत्र

| क. सं. | प्रदान गरिने सेवा | सेवा ग्राहीले पेश गर्नु पर्ने कागजात/ पूरा गर्नुपर्ने कार्यविधि | सेवा प्रदान गर्न लाग्ने समयावधि | सेवा प्रदान गर्न लाग्ने दस्तुर | सेवा प्रदान गर्ने पदाधिकारी | सेवा प्रदान गर्ने महाशाखा/ शाखा | निरीक्षण अनुगमन गर्ने पदाधिकारी | गुनासो सुन्ने पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उजूरी संकलन | उजूरी निवेदन र उपलब्ध प्रमाण कागजात | २०७३ बैशाख ५ देखि २०७३ श्रावण २६ गतेसम्म | नि:शुल्क | जिल्लाको हकमा स्थानीय शान्ति समितिको सचिव र आयोगको हकमा शाखा अधिकृत/ उप सचिव | सत्य अन्वेषण तथा अनुसन्धान महाशाखा | सह-सचिव | सचिव/आयोग | |
| २ | परिपूरण सिफारिस<br>४.१ नि:शुल्क शिक्षा तथा स्वास्थोपचार<br>४.२ तालीम<br>४.३ ऋण सुविधा<br>४.४ बसोबास<br>४.५ रोजगारी<br>४.६ क्षतिपूर्ति<br>४.७ सम्पत्ति फिर्ता, आदि | | आयोगले तोके बमोजिम | नि:शुल्क | आयोग/ अनुसन्धान अधिकारी | परिपूरण महाशाखा | आयोग | आयोग | |
| ३ | क्षमादानको सिफारिस | पीडकको निवेदन र पीडितको सहमति | आयोगले तोके बमोजिम | नि:शुल्क | आयोग | मेलमिलाप महाशाखा | आयोग | आयोग | |
| ४ | मेलमिलाप तथा मेलमिलापको लागि उत्प्रेरित गर्ने कार्य | पीडित र पीडकको निवेदन र सहमति | आयोगले तोके बमोजिम | नि:शुल्क | आयोग | मेलमिलाप महाशाखा | आयोग | आयोग | ऐनको दफा २२ को उपदफा (४) बमोजिम |
| ५ | कानूनी कारवाहीको लागि सिफारिस | | आयोगले तोके बमोजिम | नि:शुल्क | आयोग | सत्य अन्वेषण तथा अनुसन्धान महाशाखा | आयोग | आयोग | |
| ६ | पीडित परिचय-पत्र वितरण गर्ने | पीडितको फोटो र आयोग द्वारा तोकिएको निर्दिष्ट फारम | आयोगले तोके बमोजिम | नि:शुल्क | आयोग | परिपुरण महाशाखा | सचिव | आयोग | |
| ७ | आयोगका कृयाकलापको जानकारी | | आयोगले तोके बमोजिम | नि:शुल्क | आयोग | प्रशासन महाशाखा | आयोग | आयोग | |

**सम्पर्क:**
फोन: ०१-४२४३७३७
ई-मेल: trcbabarmahal@gmail.com
वेब साइट: www.trcnepal.org.np

# फोटो ग्यालरी



आयोगका उपसचिव श्री अविकेश्वर पोखरेलज्यूको बिदाई



आयोगका सचिव श्री भूपेन्द्र प्रसाद पौड्यालज्यूको बिदाई



आयोगबाट सरुवा हुनुभएका लेखा अधिकृत तथा शाखा अधिकृतको बिदाई



आयोगका सचिव श्री रमेश ढकालज्यूको स्वागत

# फोटो ग्यालरी



आयोगका सदस्य श्री श्रीकृष्ण सुवेदीको बिदाई




आयोगका सदस्य डा.माधवी भट्टपराजुलीको बिदाई



आयोगका सदस्य श्री मञ्चला झा को बिदाई



आयोगका सदस्यज्यूहरुको बिदाई पछि कर्मचारी लगायत संयुक्त तस्वीर




आयोगका सचिव श्री रमेश ढकालज्यूको बिदाई



आयोगका सदस्यहरुको बिदाई कार्यक्रम




**सत्य निरुपण तथा मेलमिलाप आयोग , नेपाल**

बबरमहल, काठमाडौं

फोन नं: ०१-४२२३६०१, फ्याक्स:- ४२२०२९७

इ-मेल: trcbabarmahal@gmail.com info@trc.gov.np

वेव साइट: www.trc.gov.np